## अनुसूचि — १

(दफा ४ तथा अनुसूचि — १ को भाग — १ सँग सम्बन्धित)

त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः१ संख्याः ७७ मितिः२०८१/०४/०३

## भाग - १

## त्रिवेणी गाउँपालिका

# गाउँपालिका प्रहरी सम्बन्धी ऐन,२०८१

गणेश कुमार के.सी.

अध्यक्ष

# <u>गाउँपालिका प्रहरी सम्बन्धी ऐन,२०८१</u>

<u>गाउँसभाबाट पारित मितिः २०८१/०३/०७</u>

<u>प्रकाशन मितिः २०८१/०४/०३</u>

**प्रस्तावनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को २ (१) ले दिएको अधिकार प्रयोग गरी त्रिवेणी गाउँपालिकाले यो "गाउँ प्रहरी सम्वन्धि ऐन, २०८१ बनाई लागु गरीएको छ।

परिच्छेद १

प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (क) यो ऐन को नाम **"गाउँ प्रहरी सम्वन्धि ऐन, २०८१"** रहेको छ।

(ख) यो ऐन त्रिवेणी गाउँसभाले स्वीकृत गरेको मिति देखी लागू हुने छ।

२. <u>परिभाषाः</u> विषय वा प्रशङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) **"ऐन"** भन्नाले स्यानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

(ख) **"गाउँपालिका"** भन्नाले त्रिवेणी गाउँपालिकालाई सम्झनु पर्छ।

(ग) **"कार्यालय"** भन्नाले त्रिवेणी गाउँपालिकाको कार्यलयलाई सम्झनु पर्छ।

(घ) **"समिति"** भन्नाले त्रिवेणी गाउँपालिकाको यस ऐन वमोजिम गठित पदपुर्ति समितिलाई सम्झनु पर्दछ।

(ङ) **"गाउँ प्रहरी"** भन्नाले त्रिवेणी गाउँपालिकावाट नियूक्ति प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ।

(च) **"भत्ता"** भन्नाले त्रिवेणी गाउँपालिकाले समय समयमा तोकिदिय वमोजिमको भत्तालाई सम्झनु पर्दछ।

(छ) **"आर्थिक वर्ष"** भन्नाले श्रावन १ गते देखी शुरु भई अषाड मसान्त सम्मको १ वर्षको समय अवधिलाइ सम्झनु पर्छ।

(ज) **"कार्यपालिका"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम गठन हुने गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(झ) **"गाउँसभा"** भन्नाले त्रिवेणी गाउँपालिकाको सभा सम्झनु पर्दछ।

(ञ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नेपाल सरकार द्धारा प्रमुख प्रशासकीय अधिकृतको रुपमा त्रिवेणी गाउँपालिकामा काम काज गर्न खटाइएको अधिकृतलाई सम्झनु पर्दछ।

(ट) **"तोकिएको वा तोकिए वमोजिम"** भन्नाले गाउँकार्यपालिकाले समय समयमा निर्णय गरी तोकिए वमोजिमको बमोजिम सम्झनु पर्दछ।

(ठ) **"जवान"** भन्नाले त्रिवेणी गाउँपालिकाले जवान पदमा नियूक्ति गरेको प्रहरीलाई सम्झनु पर्दछ।

(ड) **"प्रहरी ऐन"** भन्नाले गाउँसभाले स्वीकृत गरेको गाउँ प्रहरी सम्वन्धि ऐन, २०८१ लाई सम्झनु पर्दछ।

## परिच्छेद –२

## गाउँ प्रहरी सेवा गठन, रेख देख र नियन्त्रण

३. **गाउँ प्रहरी सेवाको गठनः** (१) गाउँपालिकामा १ गाउँ प्रहरी सेवा समुह रहने छ। गाउँ प्रहरी सेवाको गठन र त्यस्मा रहने गाउँ प्रहरी कर्मचारीहरुको संख्या गाउँ कार्यपालिकाले तोके वमोजिम हुनेछ।

४. **गाउँपालिकामा रहने गाउँ प्रहरीको पद र तहः** (१) गाउँ प्रहरीमा रहने गाउँ प्रहरीको पद र तह गाउँ सभावाट स्वीकृत भए वमोजिम हुनेछ।

(२) गाउँपालिकाले प्रत्येक पदको कार्यवितरण वनाई लागू गरिने छ र त्यसरी लागु भएको कार्य वितरणमा गाउँ प्रहरीको काम, कर्तव्य, अधिकार, जिम्मेवारी र उत्तरदायित्व उल्लेख गरिने छ।

## परिच्छेद – ३

## गाउँ प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

५. **गाउँ प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः**

(क) गाउँपालिकाको निति, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड तथा निर्णयको कार्यन्वयन गर्ने

(ख) गाउँपालिकाको नाममा रहेको चल अचल सम्पतिको सुरक्षा र संरक्षण गर्ने

(ग) स्थानीय स्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वमा आवश्यक सुरक्षाको प्रवन्ध मिलाउने

(घ) स्थानीय हाटवजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्ने,

(ङ) गाउँ सरसफाइ सम्वन्धि मापदण्ड कार्यन्वयनका लागी आवश्यक सम्पुर्ण कार्य गराउने

(च) न्यायिक समितिले गरेको मिलापत्र तथा निर्माण कार्यन्वयन गर्ने गराउने कार्यमा सहयोग गरीने।

(छ) सार्वजनिक एलानी र प्रति जग्गा, सार्वजनिक भवन, धार्मिक तथा सास्कृति सम्पदा र भौतिक पूर्वधारहरुको सुरक्षा र संरक्षण गर्ने।

(ज) विपद व्यवस्थापन सम्वन्धि खोज, उद्धार राहत तथा पुर्नस्थापना सम्वन्धि कार्य गर्ने,

झ) गाउँ क्षेत्रमा राखिएका अनाधिकृत विज्ञापन तथा होडिङ वोर्ड नियन्त्रण र व्यवस्थापन गर्ने गराउने।

(ञ) छाडा चौपायको नियन्त्रण तथा व्यवस्थापन सम्वन्धि व्यवस्थापन गरिने।

(ट) मापदण्ड विपरित अनाधिकृत रुपमा निर्माण गर्न लागेका सार्वजनिक सम्पतिको अतिक्रमण गरी बन्न लागेका संरचणहरको रोकथाम तथा नियन्त्रण गरिने।

(ठ) सार्वजनिक आवगमनमा वाधा पुग्ने गरी वजार क्षेत्रमा राखिएका सामाग्रीहरु तत्काल हटाउने व्यवस्था मिलाउने।

(ड) सार्वजनिक जग्गा, बाटो, पुल पुलेसा, मठ मन्दिर, ढल नाला, चोक, पोखरी, चौफारी, खोला, मिचि कसैले घर कम्पाउन्ड टहरा वा त्यस्तै निर्माण कार्य भए गरेको सम्वन्धमा गाउँ प्रमुखको आदेश अनुसार गर्ने गराउने।

(ढ) गाउँ क्षेत्रमा अनियमित्त रुपमा नक्सा पास नगरी र नक्सा पास गरी निर्माण भएका संरचनाहरुको विषयमा प्रमुख प्रशासकीय अधिकृतले दिएको निर्देशन अनुसार गर्ने।

(ण) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने, म्याद ग्रुजेका वा गुणस्तर हिन खाद्य सामाग्रीहरुको विक्री वितरण गरेको पाइएमा त्यसको प्रतिवेदन गाउँपालिकामा पेश गर्ने।

(त) जनस्वाथ्यलाइ प्रतिकूल असर पार्ने स्थानमा पशु पंक्षि जन्य वस्तुहरुको विक्री वितरणमा रोक लगाउने र कसैले प्रचलित कानूनको प्रतिकूल हुने गरी पशु पंक्षिको बद गरेमा तत्काल कार्वाहीको लागी गाउँपालिकामा पेश गर्ने।

(थ) गाउँपालिकामा रहेका भुस्याहा कुकुरको नियन्त्रण र मृत्यु भएको जिव जन्तुहरको व्यवस्थापन गर्ने।

(द) गाउँ क्षेत्रमा रहेका खतरा जन्य घर, पर्खाल, टहरा र रुख विरुवा कटान गर्नका लागी गाउँपालिकामा सिपारिस गर्ने।

(ध) गाउँपालिकामा दर्ता नभई संञ्चालनमा रहेका व्यापार व्यवसायीलाई दर्ता तथा नविकरण गरी गाउँको सम्वन्धमा अनुगमन गरी दर्ता तथा नविकरण गर्न लगाउने।

(न) गाउँपालिका भित्र प्रचलित कानून वा गाउँपालिकाको अनुमति वेगर राखिएका व्यानर, विज्ञापन, होडिङवोर्ड, पोष्टर, भित्ते लेखन लगाएतका सामाग्री हटाउनको लागी गाउँपालिकामा सिपारिस गर्ने।

(प) गाउँपालिकाको आयोजनामा हुने सभा, सम्वेलन, तालिम लगाएतका कार्यमा आवश्यक शान्ति सुरक्षाको व्यवस्था मिलाउने।

(फ) गाउँपालिका भित्र रहेका उद्योग व्यापार व्यवसायहरुले प्रचलित कानून वमोजिम मूल्य सूची राखे नराखेको सम्वन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्ने।

(ब) गाउँपालिका भित्र सञ्चालनमा रहेको होटेल, रेष्टुरेन्ट, गेष्टहाउस, व्यूटिपालर लगाएतका व्यवसायहरु प्रचलित कानूनले तोकेको मापदण्ड अनुरुप भए नभएको अनुगमन गरी कानून विपरित सञ्चालनमा रहेको पाइएमा कार्वाहीको लागी गाउँपालिकामा सिपारिस गरिने।

(भ) गाउँ क्षेत्रभित्र रहेका सार्वजनिक तथा निजी स्थानमा जुवा तास खेल्ने र मदिराजन्य पर्दाथको विक्री वितरणमा गाउँपालिकाको निर्णय अनुसार नियन्त्रण र व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने।

(म) सार्वजनिक स्थल लगाएतका क्षेत्रलाई अरुलाई वाधा पुग्ने गरी लावडस्पीकर, रेडियो लगाएतका ध्वनी प्रदुषण गर्ने कार्यलाई नियन्त्रण गर्ने।

(य) गाउँपालिका क्षेत्रमा आइपर्ने दैविक प्रकोप, महामारी लगाएतका तत्काल खटी आवश्यक रोकथामको व्यवस्था गर्ने।र प्रमुख प्रशासकीय अधिकृतवाट भएको निर्देशन वमोजिमका सम्पुर्ण कार्यहरु गर्ने गराउने।

## परिच्छेद –४

## तह विभाजन र पदपुर्ति

६. **गाउँ प्रहरीको दरवन्दी र सिर्जनाः** (१) गाउँपालिकामा रहने गाउँ प्रहरीको दरवन्दीको सिर्जना र खारेजी गाउँ सभाको निर्णय वमोजिम हुने छ।

(२) गाउँ प्रहरीको दरवन्दीको सिर्जना गर्दा त्यस्तो दरवन्दीमा रहने पदले गर्ने कार्य वितरण तयार गरी गाउँसभामा पेश गर्नु पर्ने छ।

७. **गाउँ प्रहरीमा रहने पदहरुः** (१) गाउँ प्रहरीको देहाय वमोजिमका पदहरु रहने छन।

क) गाउँ प्रहरी सहायक निरिक्षक

ख) गाउँ प्रहरी हवलदार

ग) गाउँ प्रहरी जवान

८. ८. **गाउँ प्रहरी नियूक्तिः** (१) गाउँ प्रहरीको नियूक्ति गर्न देहाय वमोजिम पदपुर्ति समिति रहने छ।

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| ख) गाउँपालिका भित्र रहेका सुरक्षा निकायका प्रमुख | - सदस्य |
| ग) गाउँपालिका प्रशासन शाखा प्रमुख | - सदस्य सचिव |

(२) उपदफा (१) वमोजिम गाउँ प्रहरी नियूति गर्दा खुल्ला प्रतियोगिता द्धारा गरीने छ।तर यस ऐनमा जुन सुकै कुरा लेखिएको भएता पनी गाउँ पालिकाले करार सेवामा लिई काम काज लगाउन वाधा पर्ने छैन।

(३) उपदफा (२) बमोजिम खुल्ला प्रतियोगिता द्धारा पदपुर्ति गर्दा देहाय वमोजिम प्रतिशतको निर्धारण गरी गर्नु पर्ने छ।

खुल्ला प्रतियोगिता ५० प्रतिशत, समाबेशी प्रतियोगिता ५० प्रतिशत

दफा ३ को उपदफा २ वमोजिम समाबेशी प्रतियोगिताबाट पदपुर्ति हुने ५० प्रतिशत लाई १०० प्रतिशत मानि देहा वमोजिम प्रतिस्पर्धा गराइनेछ।

क) महिला तर्फ ३३ प्रतिशत

ख) आदीवासी जनजाती तर्फ २७ प्रतिशत

ग) दोन्द्ध पिडित सहित परीवार २० प्रतिशत

घ) दलित तर्फ २० प्रतिशत

**स्पष्टिकरण**

यस ऐनको प्रयोजनका लागी महिला आदिवासी, जनजाती, द्धन्द पिडित, शहिद परियार र दलित भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदीवासी –जनजाती, दलित द्धन्दको समयमा परिवार गुमाएकालाई सम्झनु पर्छ।

(४) उपदफा (३) वमोजिम पदपुर्ति गरिने परियोजनको लागी आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका महिला, आदिवासी–जनजाती, द्धन्दपिडित सहिद परिवार दलित समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके वमोजिम हुनेछ।

(५) उपदफा (३) बमोजिम छुटयाएका पदको लागी दरखास्त पेश गर्दा देहाय वमोजिमका प्रमाण संकलन गर्नु पर्ने छ।

(क) आदिवासी –जनजातीको सुचिमा स्पष्ट खुलेको जाती वाहेक अन्य जातिको हकमा नेपाल आदीवासी –जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान वाट प्रमाणित गरको प्रमाणपत्र

(ख) शहिद परिवारका लागी जिल्ला प्रशासनवाट उल्लेखीत नम्वर र प्रमाणित गरको प्रमाणपत्र

(ग) दलितका लागी राष्ट्रिय दलित आयोगवाट दलित भनी प्रमाणित गरेको प्रमाणपत्र

(६) उपदफा (३) वमोजिम छुटयाएको कुनै पदमा दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उतिर्ण नभएमा त्यस्तो पदमा खुल्ला प्रतियोगितमा सहभागी भई उतिर्ण भएका उम्मेदवारहरु मध्येवाट पदपुर्ति गरिने छ।

९. **उम्मेदवारको योगयता:** (१) गाउँ प्रहरी पदको लागी न्यूनतम योगयता देहाय वमोजिम हुनेछ।

(क) १८ वर्ष पूरा भई ३० वर्ष ननाघेको तर खुल्ला प्रतियोगितामा भाग लिने वाहालवाला गाउँ प्रहरीको हकमा ४० वर्ष ननाघेको

(ख) सहायक निरिक्षक पदको हकमा मान्यता प्राप्त विश्व विद्यालयवाट प्रमाणपत्र तह वा सो सरह उर्तिण र अन्य पदको हका एस .एल सि वा सो सरह उर्तिण गरको।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको

(घ) कुनै राजनितिक दलको सदस्य नभएको

(ङ) प्रचलित कानून वमोजिम शारीरिक रुपमा तन्दुरुषत रहेको

(च) स्वीकृत चिकित्सा वाट निरोगीको प्रमाणपत्र

(छ) नेपाली नागरिता प्रमाण पत्र

(२) उपदफा (१) खण्ड (क) मा जुन सुकै कुरा लेखिएको भएतापनी करार सेवा वाट लिइने गाउँ प्रहरी उम्मेरको हद ४० वर्ष ननाघेको हुनु पर्ने छ।

१०. **पदपुर्ति समितिको काम, कर्तव्य र अधिकार:** (१) पदपुर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुने छ।

(क) ऐनको दफा ८ उपदफा ३ ले तोकिय वमोजिमको प्रतिशत निर्धारण गर्ने

(ख) पाठ्क्रम तर्जुमा, हेरफेर तथा परिमार्जन गर्ने।

(ग) पदपुर्ति कार्यतालिका वनाउने

(घ) विज्ञापन प्रकासन गर्ने

(ङ) शारीरिक तन्दुरुस्ती परिक्षा सञ्चालन गरी लिखित परिक्षाको लागी संख्या निर्धारण गरी नतिजा प्रकाशन गर्ने

११. **सूचनाको म्यादः** (१) पदपुर्तिका लागी विज्ञापन गर्दा दरखास्त पेश गर्न १५ दिनको म्याद दिई सूचना प्रकासित गर्नु पर्ने छ।

१२. **परीक्षणकालः** (१) नयाँ नियूक्ति गरिएका गाउँ प्रहरी कर्मचारीलाई १ वर्षको परिक्षणकालमा राखिने छ। सो अवधिमा गाउँ प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा गाउँ प्रहरी प्रमुख र गाउँपालिका अध्यक्षको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले थप ६ महिना प्ररिक्षणकालमा राख्न सक्ने छ।महिला गाउँ प्रहरी कर्मचारीको हकमा ६ महिना मात्र परिक्षण काल रहने छ।

## परिच्छेद –५

## विदा

१३. **विदाः** (१) गाउँ प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन।

(२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजविजवाट विदा दिन अथवा नदिन पनि सक्ने छ। साथै आवश्यक परेमा विदामा वसेको गाउँ प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्ने छ।

(३) विदाको किसिमहरुः (१) गाउँ प्रहरीले देहाय वमोजिमका विदा पाउने छन।

(क) भैपरी आउने विदा र पर्व विदा

(ख) क्रिया बिदा

(ग) प्रसुति बिदा

(घ) विरामी बिदा

१४. **विदा स्वीकृत नगराई घर वस्ने गाउँ प्रहरी कर्मचारीलाई सेवा वाट हटाउनेः** (१) यस ऐन वमोजिम विदा स्वीकृत नगराई वस्ने गाउँ प्रहरी कर्मचारी कार्यलयमा हाजिरी हुन पाउने छैन।

(२) उपदफा (१) को उलङघन गर्ने गाउँ प्रहरीलाई सेवा वाट हटाउन सक्ने छ।

१५. **पर्व, भैपरी विदाः**(१) गाउँ प्रहरी कर्मचारीले प्रत्येक वर्ष भैपरी र पर्व गरी १२ दिन विदा पाउने छ।

(२) भैपरी आउने विदा साधारणतः१ पटकमा २ दिन नवढाई लिन पाईने छैन।

(३) एक आर्थिक वर्षको पर्व,भैपरी आउने विदा अर्को आर्थिक वर्षलाई सञ्चित हुने छैन।

(४) पर्व, भैपरी विदा वसेका गाउँ प्रहरी कर्मचारीहरुले पुरा तलव भत्ता पाउने छन।

(५) पर्व,भैपरी विदा शनिवार वाहेक अरु विदाहरु सँग मिलाइ लिन पाइने छैन।

१६. **क्रिया विदाः** (१) गाउँ प्रहरी कर्मचारीले आफै क्रियामा वस्नु परेमा कुल, धर्म र परम्परागत संस्कार अनुसार वढिमा १५दिन क्रिया विदा पाउने छन।त्यस्तो विदा महिला गाउँ प्रहरी कर्मचारीलाई पनी दिइनेछ।

(२) यस्तो क्रिया विदा वस्ने गाउँ प्रहरी कर्मचारीले पुरा तलव भत्ता पाउने छन।

१७. **<u>प्रसूति विदाः</u>** (१) महिला गाउँ प्रहरी कर्मचारी गर्भवति भएमा निजले सुत्केरीको अघि पछि गरी ९८ दिन प्रसुति विदा पाउने छन।

(२) प्रसुति विदा वस्ने महिला गाउँ प्रहरी कर्मचारीले पुरा तलव र भत्ता पाउने छन।

(३) प्रसुति विदा सेवा अवधिभर २ पटक मात्र दिइने छ।

१८. **<u>विरामी विदाः</u>** गाउँ प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिन विरामी बिदा पाउने छन।

१९. **<u>विदा दिने अधिकारीः</u>** गाउँ प्रहरीलाई दिने सम्पुर्ण विदाहरु प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्ने छ।

२०. **<u>कार्यालयमा अनुउपस्थित हुने उपर कार्वाहीः</u>** विदा स्वीकृत नगराई कार्यालयमा अनुउपस्थित हुने गाउँ प्रहरी कर्मचारीलाइ गयल र तलव कट्टि गरी विभागिय सजाय समेत गर्न सक्ने छ। यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन।

२१. **<u>विदाको अभिलेखः</u>** विदा दिने अधिकारीले आफ्नो मातहतका सवै गाउँ प्रहरी कर्मचारीको विदाको अभिलेख किताव खडा गरी लगत राख्ने र प्रशासन शाखालाई १५ दिन भित्र अनिवार्य लिखित जानकारी दिनु पर्ने छ।

## अनुच्छेद –६

## अनुशासन र आंचरण

२२. **<u>गाउँ प्रहरीको अनुशासन तथा आंचरणः</u>** गाउँ प्रहरीको अनुशासन तथा आचरण सम्वन्धि व्यवस्था निजामति सेवा ऐन तथा नियमावली वमोजिम हुने छ।

## परिच्छेद –७

## सजाय र पुनरावेदन

२३. **<u>सजायः</u>** उचित र प्राप्त कारण भएमा गाउँ प्रहरी कर्मचारीलाइ देहायको सजाय गर्न सकिने छ।

(क) नसिहत दिने।

(ख) तलव वृद्धि रोक्का गर्ने।

(ग) तल्लो तहमा घटुवा गर्ने।

(घ) लापरवाही गरी गाउँपालिकालाई नोक्सानी भएमा सम्पुर्ण वा आंशिक रुपमा तलव भत्ता वाट कट्टि गरी अशुल गरिने।

(ङ) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरीने गरी नोकरीवाट वर्खास्त गरीने।

(च) भविष्यमा स्थानीय तहमा अयोग्य ठहरीने गरी नोकरीवाट वर्खास्त गर्ने।

२४. **<u>नसिहद दिनेः</u>** (१) प्रमुख प्रशासकीय अधिकृतले दिइएको आदेशको अवज्ञा गरिने वा तोकिय वमोजिमको आफ्नो काम कर्तव्य पुरा नगर्ने गाउँ प्रहरी कर्मचारीलाई नसिहत दिइने छ।

(२) उपदफा (१) वमोजिम १ वर्षमा ३ पटक भन्दा वढि नसिहत पाइएका गाउँ प्रहरी कर्मचारीलाइ प्रक्रिया पुरा गरी सेवा वाट हटाइने छ।

२५. **तलव बढुवा रोक्ने:** गाउँ प्रहरी कर्मचारीको काम सन्तोष जनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलव वा पदोन्नती रोक्का गर्न सक्ने छ।

२६. **तह र तलव हटाउने:** (१) कुनै गाउँ प्रहरी कर्मचारीले देहाय वमोजिमको कसुर गरेमा निजलाई १ तह घटुवा गरी सोहिघटुवा भएको तहको तलव भत्ता उपलब्ध गराईने छ।

(क) सन्तोषजनक काम नगरेमा

(ख) अनुशासन हिनत गरेमा

(ग) आचरण सम्वन्धि ऐन उलङघन गरेमा

(घ) नियूक्ति भएको ५ वर्ष भित्रै नोकरी वाट अलग हुन झुट्टा विवरण पेश गरेमा

(ङ) गाउँपालिकाले दिइएको आदेश निर्देशन नमानेमा वा कार्यन्वयन नगरेमा

(च) मनासिव कारण विना वा विदा स्वीकृत नगराई विदामा वसेमा

(छ) तोकिए वमोजिमको जिम्मेवारीमा लापरवाही गरेमा वा पुरा नगरेमा

२७. **सेवा वाट हटाउने वा वर्खास्त गरिने:** (१) गाउँ प्रहरी कर्मचारीले देहायका वमोजिमको कसुर गरेमा सेवा वाट हटाउन वा वर्खास्त गर्न सक्ने छ।

(क) अयोग्यताको कारणले आफ्नो पदिय जिम्मेवारी पुरा गर्न नसकेमा

(ख) राजनितिकमा भाग लिएमा

(ग) बारम्बार अनुशासन हिन काम गरेमा

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालत वाट अपराधि प्रमाणित भएमा

(ङ) कार्यालय समयमा मादक पदार्थ सेवन गरीहिडेमा

(च) प्रचलित कानून बमोजिम भ्रष्टाचारजन्य कसूर गरेमा

(छ) पदिय जिम्मेवारी अनुसारको आचरण नगरेमा

(ज) आचरण सम्वन्धि नियमहरु पटक पटक उलङघण गरेमा

२८. **सजाय सम्वन्धि कार्यविधि:** (१) गाउँ प्रहरी कर्मचारीलाई सजाय गर्ने गराउन आदेश दिने अधिकार गाउँपालिकाको अध्यक्षको सल्लाह लिई प्रमुख प्रशासकीय अधिकृतलाइ हुनेछ।

(२) गाउँ प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कार्वाही गर्न लागीएको विषय र सजाय स्पष्ट खुलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ। यस्तो सफाइ पेश गर्ने आदेश दिदा लगाइएका आरोप स्पष्ट रुपले किटियको हुनुपर्नेछ। त्यस्तो गाउँ प्रहरी कर्मचारलीलाई सजाय गर्ने अधिकारीले तोकिएको म्याद भित्र आफ्नो सफाई र प्रस्तावित सजायको लिखित रुपमा स्पष्टिकरण पेश गर्नु पर्ने छ। तर भागी पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न असम्भव भएको गाउँ प्रहरी कर्मचारीको सम्वन्धमा यस ऐन, बमोजिमको ऐन रित पुऱ्याउनु पर्ने छैन।

(३) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट अपराधि प्रमाणीत भई सकेको आधारमा कुनै गाउँ प्रहरी कर्मचारीलाई सजाय दिनु पर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको वारेमा सूचना सम्म दिनु पर्ने छ।

(४) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पनी खडा गरी त्यस्तो गाउँ प्रहरी कर्मचारीलाई सफाई पेश गर्न मौका दिनु पर्ने छैन।

(५) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयंम वा अन्य कुनै अधिकारी द्धारा जाँचवुझ गराउन सक्ने छ। जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्वन्धित गाउँ प्रहरी, कर्मचारी समेत वुझि कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सवुत प्रमाण दाखिला गर्नु पर्ने छ।

(६) कुनै फौजदारी अभियोगमा गिरवतार भई थुनिएको गाउँ प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतःनिलम्वित हुने छ। तर

(क) निलम्वित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाइ पायमा निजले स्वअधिको चौथाई तलव पाएको भए सो कट्टा गरी नपाइएको भय पुरै(तलव वृद्धि हुने भएमा सो समेत पाउने छ। कसुर दार ठहरीएमा निलम्वन भएका मिति देखिको वाँकी तलव भत्ता पाउने छैन।

(ख) कुनै कर्मचारी गाउँपालिकाको कामको सम्वन्धमा वा नेपाल सरकारवाट भएको कार्वाहीको शिलसिलामा निलम्वन भएको नभइ अरु कुनै कारण वाट निलम्वन रहन गएको। रहेछ भने त्यसरी निलम्वन रहेको अवधिको तलव भत्ता पाउने छैन।

२९. **<u>सजायको आदेश दिनेः</u>** जाँचवुझको काम समाप्त भए पछि सम्वन्धित गाउँ प्रहरी कर्मचारीलाई स्पष्टिकरण माग गरेको, तोकिएको समय भित्र स्पष्टिकरण नदिएमा स्पष्टिकरण सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्ने छ र सजायको आदेश एक प्रति निजलाई दिनु पर्ने छ।

## परिच्छेद –८

## उपचार खर्च सम्वन्धि व्यवस्था

३०. **<u>उपचार खर्चः</u>** (१) गाउँ प्रहरी कर्मचारी कामकाजका शिलसिलामा विरामी भएमा औषधी उपचारका लागी देहाय वमोजिम भएको खर्चको रकम गाउँपालिकाले उपचार खर्च वाफत दिने छ।

(क) अस्पतालमा उपचार गराउँदा लागेको विल बमोजिमको रकम र मान्यता प्राप्त अस्पतालको चिकित्सकले सिफारिस गरे वमोजिमको औषधि खर्च

(ख) प्लाष्टिक सर्जरी र सरकारी अस्पतालमा अप्रेशन गर्दा लागेको विल वमोजिमको रकम

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ प्रहरी कर्मचारीलाइ सेवा अवधिभरमा अधिकृत स्तरको भए ८ महिना र सो भन्दा मुनिको पदको लागी १२ पहिना वरावरको तलव रकम एकमुष्ट उपचार खर्च वाफत दिइने छ। यसरी उपलब्ध गराइने रकम सेवा वाट अवकास हुदाँको वखत उपलब्ध गराइने छ।

(३) झुट्टा विवरण पेश गरी यस ऐन वमोजिम उपचार खर्च माग गर्ने वा लिने गाउँ प्रहरी कर्मचारी उपर विभागिय कार्वाही गरीने छ। त्यसरी उपचार खर्च लिइ सकेको भय सो रकम समेत सरकारी बाँकी सरह अशुल उपर गरिने छ।

## परिच्छेद ९

## तलव भत्ता

**३१. <u>तलव भत्ता:</u>** (१) गाउँ प्रहरी कर्मचारीले नियूक्ति भएको मिति देखी तलव भत्ता पाउने छन।

(२) उपदफा १ बमोजिमको तलव भत्ता गाउँ सभाले तोकेवमोजिम हुने छ।

**३२. <u>तलव वृद्धिः</u>** (१) गाउँ प्रहरी कर्मचारिलाइ १ वर्ष सेवा अवधि पुरा गरे पश्चात १ ग्रेड वृद्धि गरिने छ।

(२) उपदफा (१) बमोजिमको ग्रेड रकम गाउँ सभाले तोके वमोजिम हुनेछ तर त्यस्तो तलव वृद्धि वढिमा १० वर्ष भन्दा वढि हुने छैन।

## परिच्छेद १०

## तालिम

**३३. <u>तालिमको व्यवस्था:</u>** (१) नयाँ नियुक्ति हुने गाउँ प्रहरी कर्मचारीलाइ वढिमा १५ दिनको तालिम लिई काम काजमा खटाइने छ।

(२) उपदफा (१) वमोजिमको तालिम पाठ्यक्रम र विधि तोकिय वमोजिम हुने छ।

## परिच्छेद ११

## पोषाक सम्वन्धि व्यवस्था

**३४. <u>पोषाक भत्ता:</u>** (१) गाउँ प्रहरीको पोषाकको रङ वा किसिम र अन्य विवरण गाउँ कार्यपालिकाले तोके वमोजिम हुने छ।

(२) उपदफा (१) वमोजिम पोषाकको लागी आवश्यक भत्ता गाउँ सभाले तोके वमोजिम हुने छ।

(३) उपदफा (२) बमोजिमको भत्ता वर्षको १ पटक उपलब्ध गराईने छ।

## परिच्छेद १२

## विविध

**३५. <u>सेवा करार सम्वन्धमा:</u>** (१) यस ऐनमा जुन सूकै कुरा लेखिएको भय तापनी करार सेवामा गाउँपालिका प्रहरी नियूक्ति गर्न कुनै वाधा पर्ने छैन।

(२) उपदफा (१) बमोजिम नियूक्ति गरीने गाउँ प्रहरी सेवा सुविधा लगाएतका विषय करार सम्झौतामा उल्लेख भए वमोजिम हुने छ।

**३६. <u>ऐन संशोधन:</u>** यस ऐनको आवश्यक संशोधन तथा थप घट त्रिवेणी गाउँ सभाले गर्न सकिने छ।

३७. **<u>नियम तथा कार्यविधि वनाउन सक्ने</u>:** यस ऐन वमोजिम गाउँ कार्यपालिकाले आवश्यक नियम तथा कार्यविधि वनाइ लागु गर्न सक्ने छ।